"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिवद्धता"

# नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, बबरमहल ।

# प्रेस विज्ञप्ति

मितिः २०८२/१२/०१

१. पछिल्लो समयमा मध्यपूर्व र पश्चिम एशियामा देखिएको युद्धको परिवेशले खाना पकाउने ग्यास लगायत सम्पूर्ण पेट्रोलियम पदार्थको मूल्यमा अत्याधिक वृद्धि भई आपूर्तिमा नै कठिनाई भइरहेको छ । आफ्नै पेट्रोलियम पदार्थको श्रोत नहुने मुलुकहरुमा आपूर्ति र मूल्य समायोजन गरी नागरिकलाई सहज र सुलभ मूल्यमा आपूर्ति गर्ने कार्य प्रभावित भएको विदितै छ। यस भन्दा अघि वि.सं २०७९ सालमा रसिया र युक्रेन युद्धका कारणबाट तत्कालीन अवस्थामा आपूर्ति प्रणालीमा असर पर्नुका साथै मूल्यमा अत्याधिक वृद्धि भई जनजीवनमा प्रत्यक्ष असर परेको समेत सर्वविदितै छ ।तत्कालिन अवस्थामा मूल्य अत्याधिक वृद्धि भई मुल्य समायोजन हुन नसकेको कारण इण्डियन आयल कर्पोरेशनलाई रु. २४ अर्व भुक्तानी हुन बाँकी रहेको थियो । उक्त रकम मध्ये रु. ७ अर्व नेपाल सरकार अर्थ मन्त्रालयबाट ऋण, राष्ट्रिय वाणिज्य बैंकमा निगमको अचल सम्पति धितो राखी रु. ३ अर्व ऋण र मूल्य स्थिरीकरण कोष समेत प्रयोग गर्दा पनि ।OCL लाई भुक्तानी हुन नसकिएकाले आपूर्ति प्रभावित भएको थियो ।अन्तर्राष्ट्रिय बजारमा मूल्य सहज भए पछि पनि पुरानो दायित्वबाट निगम थिचिएको अवस्था थियो।

२. हालको समयमा पनि पेट्रोलियम पदार्थको मूल्य वृद्धिका साथै आपूर्ति प्रणालीमा समेत प्रतिकुल अवस्था श्रृजना भइरहेकोमा नेपालमा खाना पकाउने ग्यास लगायत पेट्रोलियम पदार्थको आपूर्तिमा सहजीकरण गरिरहेको इण्डियनआयल कर्पोरेशनलाई निरन्तर आपूर्ति गरिरहेकोमा धन्यवाद व्यक्त गर्दछौं।

३. अन्तर्राष्ट्रिय बजारको मूल्य अनुसार हाल पेट्रोलियम पदार्थ तथा खाना पकाउने ग्यासको मूल्य देहायानुसार वृद्धि भएको जानकारी प्राप्त भएको छ।

**देहाय**

| सिनं. | पेट्रोलियम पदार्थ | हालको बिक्री मूल्य रु. प्रति लिटर/प्रति सिलिण्डर | मूल्यवृद्धिले गर्दा कायम गर्नु पर्ने मुल्य रु. प्रति लिटर/प्रति सिलिण्डर | बढी मूल्य रु. प्रति लिटर/प्रति सिलिण्डर |
|---|---|---|---|---|
| १ | पेट्रोल | १५७।०० | १८८।०० | ३१।०० (बढेको) |
| २ | डिजेल | १४२।०० | १९६।०० | ५४।०० (बढेको) |
| ३ | एल.पि. ग्यास | १९१०।०० | २१२६।०० | २१६।०० (बढेको) |

४. यसरी बढेर आएको मूल्य समायोजन हुन नसकेमा नेपाल आयल निगमले इण्डियनआयल कर्पोरेशनलाई तिर्नुपर्ने वक्यौता भुक्तानी हुन नसक्ने र यसबाट आपूर्ति प्रणालीमा थप अवरोधहरु पुग्ने अवस्था देखिएको छ।

५. यस बिषम परिस्थितिमा नेपाल आयल निगम लिमिटेडले बाध्यतावश पेट्रोलियम पदार्थको मूल्य अपेक्षाभन्दा बढि दरमा बढाउनु परेको छ। यसबाट आम-उपभोक्ता लगायत सरोकारवालामा पर्ने असर प्रति निगम सचेत र सम्बेदनशील समेत रहेको छ। सार्वजनिक सवारी साधनमा प्रयोग हुने डिजलको मूल्य अत्याधिक बृद्धि भएता पनि सार्वजनिक सवारी तथा ढुवानीमा प्रयोग हुने सवारी साधनको सहजतालाई ध्यानमा राखि उपभोग्य वस्तुको सहज आपूर्ति एवं सार्वजनिक सवारी साधन सहज संचालनका लागि अधिकत्तम लचकता अपनाई कम मूल्य बृद्धि गर्ने रणनीति अपनाइएको छ।

६. अन्तर्राष्ट्रिय बजारमा भएको मूल्य वृद्धि अनुसार इण्डियन आयल कर्पोरेशन वाट प्राप्त दर कायम नगरी विक्री गर्दा केहि रकम मूल्य स्थिरीकरण कोषबाट व्यहोर्ने गरी पेट्रोलमा प्रति लिटर रु.१५।०० तथा डिजेल/मट्टितेलमा प्रति लिटर रु.१०।०० ले बृद्धि गरी देहायनुसार बिक्री मूल्य कायम गरिएको छ।

**<u>देहाय</u>**

| क्र. सं. | पेट्रोलियम पदार्थ | साबिकको खुद्रा बिक्री मूल्य रु. (प्रति लिटर) | | | मिति २०८२/१२/०२ को बिहान ००:०१ बजेदेखि कायम हुने नयाँ खुद्रा विक्री मूल्य मू. अ. कर सहित रु. (प्रति लिटर) | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ग | दोस्रो वर्ग | तेस्रो वर्ग | पहिलो वर्ग | दोस्रो वर्ग | तेस्रो वर्ग |
| १. | पेट्रोल | १५४।५० | १५६।०० | १५७।०० | १६९।५० | १७१।०० | १७२।०० |
| २. | डिजेल/मट्टितेल | १३९।५० | १४१।०० | १४२।०० | १४९।५० | १५१।०० | १५२।०० |

**(नोटः पहिलो वर्ग अन्तर्गत :- चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारि, नेपालगञ्ज, धनगढी र विरगञ्ज। दोस्रो वर्ग अन्तर्गत :- सुर्खेत र दाङ। तेस्रो वर्ग अन्तर्गत :- काठमाडौं, पोखरा र दिपायल।)**

अन्तर्राष्ट्रिय बजारमा भएको आकस्मिक मूल्य बृद्धिका कारण यस बिषम परिस्थितिले उत्पन्न गरेको समस्या प्रति निगम सबै उपभोक्ता सरोकारवालाहरूसँग सहयोगको लागि आह्वान गर्दै अन्तर्राष्ट्रिय बजारमा मूल्य कम हुनासाथ तत्काल मूल्य घटाउने रणनीति लिने कुरामा सबैलाई बिश्वास दिलाउन चाहन्छौं। हालको मूल्य बृद्धि पश्चात पनि नेपाल आयल निगमलाई पाक्षिक एकमुष्ट रुपमा करिब रु. ३ अर्ब ९३ करोड घाटा हुने व्यहोरा समेत जानकारी गराउन चाहन्छौं।

धन्यवाद।

प्रवक्ता